नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स

# धर्मोदय सभा

# चतुर्थ विश्व बौद्ध सम्मेलन

२०१३, कार्तिक ३० गते देखि मार्ग ५ सम्म

धर्मोदय सभा
६/३१, जुद्ध सडक,
काठमाडौं,
नेपाल ।

Downloaded from http://dhamma.digital

नेपालको निम्ति आगामी कार्तिक महिनाको ३० गते (नोभेम्बर १५ तारीख) देखि धर्मोदय सभाको तत्वावधानमा हुने चतुर्थ विश्वबौद्ध सम्मेलन एक महान सम्मेलन हुनेछ किन भने भगवान बुद्धको महापरिनिर्वाण भएको २५०० वर्ष वहाँ कै जन्मभूमि नेपाललाई वहाँको आदर्शलाई विश्व प्रचार गर्ने महान अवसर प्राप्त भएको छ। यति मात्रै होइन अन्तरराष्ट्रिय क्षेत्रमा नेपालले बढी से बढी राष्ट्रहरू संग सम्पर्क राख्न पाई सभ्य राष्ट्रहरूको दाँजोमा पुऱ्याउने एक महान अवसर हुने छ। यस कारण यो सम्मेलन हर तरह बाट सफल तुल्याउन धर्मोदय सभालाई सहयोग दिन म सबै महानुभावहरू संग अपील गर्दछुँ।

श्री लोकदर्शन
श्री ५ महाराजाधिराज प्रिन्सिपल प्राइभेट सेटक्रेरी
तथा
अध्यक्ष—अर्द्ध सरकारी कमिटि
चतुर्थ विश्व बौद्ध सम्मेलन

Downloaded from http://dhamma.digital

# चतुर्थ विश्व बौद्ध सम्मेलन

नेपालको निम्ति यो एक अत्यन्त गौरवको कुरा छ कि आगामी १५ नोभेम्बरको तारीख अर्थात कार्तिक ३० गते देखि काठमाण्डूमा धर्मोदय सभाको तत्वावधानमा चतुर्थ विश्व बौद्ध सम्मेलन हुन गैरहेको छ। त्यस सम्मेलनमा संसारका ४० विभिन्न प्रमुख राष्ट्रहरूले भागलिने भएका छन् र पारस्परिक घृणा र द्वेषले व्याप्त यो संसारमा प्रेम र विश्व-बन्धुत्वको आवश्यकताको भावना त्यस महान युग पुरुष भगवान बुद्धकै जन्मभूमि नेपालले फेरी एक चोति विश्वको कुना कुनामा पुऱ्याउनु सुअवसर पाएको छ। यो चतुर्थ विश्व बौद्ध सम्मेलन नेपालमा हुने आफ्नै ढङ्गको पहिलो अन्तर राष्ट्रिय सम्मेलन हुनेछ जस्मा संसारका विभिन्न मुलुकहरूलाई नेपालको परिचय पाउने सुअवसर प्राप्त हुनेछ र नेपालले पनि सयौं बर्षको निष्क्रियता पछि पनि विश्वमा आफ्नु अस्तित्व कायम गर्न समर्थ छ भन्ने कुरा देखाउने राम्रो सुअवसर यही सम्मेलनमा पाउँदछ। संसारका विभिन्न राष्ट्रहरू संगको दिन प्रति दिन बढ्दै गैरहेको हाम्रो मित्रतालाई एउटा खँदिलो र दरिलो टेवा दिन यो सम्मेलन अत्यन्तै ठूला सहायक सिद्ध हुन आउछ, यसमा केही सन्देह छैन।

बिशाल हिमालयको काखमा रहेको यो हाम्रो नेपाल प्रागैतिहासिक काल देखिनै स्वतन्त्र थियो र यहाँको इतिहास बौद्धहरूको इतिहास संगसंगै शुद्ध हुन्छ भन्नामा पनि केही अत्युक्ति

Downloaded from http://dhamma.digital

हुँदैन। हाम्रा प्राक् इतिहास अनुसार भगवान गौतम बुद्ध प्रादुर्भाव हुनु भन्दा अघि यस सुन्दर काठमाण्डू उपत्यकामा जलाशय भएको र क्रकुच्छन्द, विपश्वी, शिखि, कनकमुनि, काश्यप इत्यादी बुद्धहरूको यहाँ आवागमन भैसकेको कुरा नागार्जुन, वागद्वार गोदावरीको फुल्चोकि र धेनाच्व पर्वत शिषरका चैत्यहरू र स्वयम्भु चैत्यले अझ सम्म पनि बताई रहेकै छ। पछी चीनबाट श्रीमञ्जूश्री आउनु भै यहाँको पानी दक्षिणतिर पठाई शहर बसाले देखि पनि यो काठमाण्डू नगरी बौद्धहरूको प्रधान केन्द्र नै बनेको थियो। यसरी प्रागैतिहासिक काल देखि भगवान बुद्धहरूको अमरवाणी प्रचारगर्दै आएको देशमैं वर्तमान शाक्यमुनि गौतम बुद्धको जन्म हुनु नेपालको निम्ति निश्चय नै अत्यन्तै ठूलो गौरवको कुरा हो।

यो रमणीय काठमाण्डू उपत्यका आजकल पनि मन्दिरहरूको शहर अर्थात 'The city of the temples' को नाउँले विश्वमा प्रसिद्ध छ। जहाँ हेर्‍यो मन्दिर, जताहेर्‍यो देवस्थल जताहेर्‍यो भगवान बुद्धको शान्त तथा अभय मुद्राको मूर्तिहरू, यस्तो ऐतिहासिक राष्ट्रले अहिलेको यो तथाकथित सभ्यताको प्रभावमा आफ्नो अस्तित्व गुमाउन लागेको संसारलाई भगवान बुद्धको अमर सन्देश सुनाउनु नितान्तै आवश्यक छ। यही शुभ अवसरमा धर्मोदय सभाले विश्वका तमाम बौद्धहरूको चतुर्थ महा अधिवेशन बोलाउन पाउनु नेपालको निम्ति अत्यन्तै ठूलो गौरवको कुरा हो।

प्रागैतिहासिक कालदेखिन बौद्ध संस्कृतिमा सुसंस्कृत भएको देश यो हाम्रो नेपाल भएपनि वैदिक प्रभाव पनि यहाँ कम छैन। तर नेपालको निम्ति यो एउटा अत्यन्त गौरवको कुरा हो कि धर्मको नाउमा यहाँ एक थोपा रगत बगनुता परै जावोस

Downloaded from http://dhamma.digital

एक कडा शब्द सम्म पनि कसैले बोलेको सुनिंदैन। यस देशको सहिष्णुता, पारस्परिक मित्रता, बन्धुत्वको भावना संसारमा उदाहरण छ। यस्तै दुइ धर्मको अविच्छिन्न सम्पर्कले नेपालको एउटा आफ्नै ढङ्गको संस्कृतिको प्रादुर्भाव भयो जुन अहिले आएर नेपालको एक अत्यन्तै मजबूत शक्ति हुन आएको छ। तर १२।१३ वर्ष अघिको अदूरदर्शी एकतन्त्री सर्कारको अदूरदर्शी नीतिले गर्दा यहाँका भिक्षुहरू निष्क। शित हुनपरेको थियो। यसरी नेपालबाट निष्काशित भिक्षुहरूले सारनाथमा आफ्नो गुरु चन्द्रमणि महास्थविरको नेतृत्वमा धर्मोदय सभाको स्थापना गर्नु भयो र वहाँहरूको निम्ति चाहिने काम यही सभा बाट भयो। पछी लंकाबाट भिक्षु अमृतानन्द स्थविरको प्रेरणाले नारद महास्थविरको नेतृत्वमा भिक्षु अमृतानन्द सहित पांच जनाको एक शिष्ट मण्डल नेपाल आएपछी फेरी तत्कालीन सर्कारले आफ्नो भूल महसूस गरी भिक्षुहरूलाई नेपाल आउने अनुमति दिए। अनि धर्मोदय सभा नेपाल ल्याइयो।

नेपालमा बौद्ध धर्मको प्रचार र पुनरूद्धार गर्न भिक्षुहरूले जुन अकथ प्रयत्न गरे त्यो नेपालले कहिल्यै बिर्सन सकिने कुरा होइन। तर वहाँहरूको शिक्षा बिशेषगरी लंका र बर्माबाट भएको हुनाले नेपालका थेरवादी बौद्ध भिक्षुहरूको बिशेष सम्पर्क बर्मा र लंकासित हुन गएको हो र यसै कारणले लंकामा डा. मललसेकरको प्रयत्नमा World Fellowship of Buddhist ( बौद्ध विश्व भ्रातत्व संघ ) स्थापना भए देखि नै धर्मोदय सभा ले भाग लिई आएको हुनाले धर्मोदय सभा नेपालको एउटा रेजिनल सेन्टरको रूपमा स्वीकृत भयो। यो W. F. B. को विधान अनुसार विश्वका तमाम बौद्धहरूको वीचमा एकता

Downloaded from http://dhamma.digital

स्थापना गरी विश्वमा भगवान बुद्धको शान्ति सन्देशको प्रचार गरी विश्वलाई संहारबाट बचाउने प्रयत्न गर्नु हो। यसै सिलसिलामा १९५० मा लंकामा सर्व प्रथम विश्व बौद्ध सम्मेलन भयो। द्वितीय विश्व बौद्ध सम्मेलन १९५२ मा जापानमा र तृतीय सम्मेलन १९५४ मा वर्मामा भयो र यी सम्मेलनहरूले संसारका तमाम बौद्धहरूलाई एकताको सूत्रमा बाँधनुको साथसाथै अहिलेको संसारलाई भगवान बुद्धको शिक्षाले मात्रै शान्ति कायम गर्न सक्दछ भन्ने कुराको पनि विश्वास दिलाएको छ।

नेपालमा हुने यो सम्मेलन यही क्रममा आएको चतुर्थ विश्व बौद्ध सम्मेलन हो। अघि वर्मामा हुने विश्व बौद्ध सम्मेलनको निमन्त्रणा नेपाललाई आउँदा तत्कालिन प्रधान मन्त्री श्री मातृका प्रसाद कोइरालाज्यूले यस्तो किसिमको एक सम्मेलन गर्न पाए नेपाललाई धार्मिक दृष्टिकोणले मात्रै होइन अरू अनेक दृष्टिकोणले पनि लाभदायक सिद्धहुन आउने देखिन्छ भन्ने स्व. श्री ५ महाराजधिराज त्रिभुवन वीर विक्रम शाहदेवज्यूका हजूरमा विचार प्रकट गर्नु हुँदा मौसुफबाट पनि बेस् हो भन्ने हुकुम बक्सी तदनुसार चतुर्थ विश्व बौद्ध सम्मेलन धर्मोदय सभाको तत्वावधानमा गर्ने अनुरोध सहित एउटा सन्देश पनि मौसुफबाट यहाँबाट गएको प्रतिनिधि मण्डलको उप–नेता भिक्षु अमृतानन्द स्थविरज्यू ( धर्मोदय सभाको तत्कालीन सेक्रेटरी ) लाई बक्सेको थियो र तदनुसार यो चतुर्थ सम्मेलन यो १९५६ को नोभेम्बरमा हुने भएको छ र सबै रीजनल सेन्टर्सहरू बाट निमन्त्रणा स्वीकार भै पनि सकेका छ।

वर्तमान महाराजाधिराज श्री ५ महेन्द्रवीरविक्रमशाहदेवज्यू बाट पनि यस चतुर्थ विश्व बौद्ध सम्मेलनमा विशेष

Downloaded from http://dhamma.digital

चाखली वक्सो यो सम्मेलन हरतरहबाट सफल गराउन धर्मोदय सभालाई आवश्यक सबै कुरामा सहयोग वक्सने आश्वासन दिइवक्सेकोले यो सभालाई नेपालमा हुने आफ्नै ढङ्गको यो विशाल सर्व प्रथम अन्तरराष्ट्रिय सम्मेलन गर्न उत्साहित भै तपाईहरूको समक्ष सहयोग प्राप्त गर्न अग्रसर छ।

वर्तमान नेपालको अन्तर राष्ट्रिय क्षत्रमा दिन प्रति दिन बढदै गैरहेको प्रतिष्ठा र इज्जतलाई ख्यालमा राखी बढी से बढी राष्ट्रहरू संग मित्रता कायम गर्ने सिद्धान्तलाई समक्षमा राखी श्री टंकप्रसाद आचार्यको नायकत्वमा गठन भएको वर्तमान सर्कारले पनि चतुर्थ विश्व बौद्ध सम्मेलनलाई हरतरहबाट सफल तुल्याउन आवश्यक सहयोग प्रदान गर्ने बचन दिएको छ।

यो आफ्नै ढङ्गको पहिलो विशाल अन्तर राष्ट्रिय सम्मेलन सफल पार्नुमा धर्मोदय सभाको मात्र होइन, बौद्धहरूको मात्रै होइन, वलिक तमाम नेपालीको मात्रको गौरव इज्जत र शान छ। तर यत्रो विशाल सम्मेलन धर्मोदय सभाले मात्रै पनि सफल पार्न सक्दैन। यो सम्मेलन सफलताको निम्ति त तमाम नेपालीहरूको सहयोगको नितान्त आवश्यक छ। यस कारण जाति धर्म, वर्णको भेदभाव नराखी नेपाली मात्रले धर्मोदय सभालाई मदत गरी यो सम्मेलन सफल पार्न सबैलाई हार्दिक अनुरोध गर्दछ। हामीलाई आशा एवं विश्वास छ कि तपाईहरू सबैबाट यथायोग्य सहयोग अवश्य प्राप्त हुन्छ र विदेशी राष्ट्रहरूको अगाडि आतिथ्य सत्कारमा हामीले पाई आएको गौरव र इज्जतमा कत्ति पनि कम हुन दिनहुने छैन।

यो सम्मेलनको विभिन्न कार्यको ख्यालमा राखी धर्मोदय सभाले करीव मोरु १,८६,०००।– भा. रु. १,७७,२५०।– को

Downloaded from http://dhamma.digital

खर्चको वजेट सर्कारलाई प्रस्तुत गरेको छ। तर नेपाल सर्कार बाट सो सम्मेलन सम्पन्न गर्न हाललाई भा रु. १०००००।– र मोरु. ५०,००,०।– मात्र चन्दा प्रदान गरेको छ। यस्को निम्ति धर्मोदय सभाले सर्कारलाई हार्दिक धन्यवाद अर्पण गरेको छ। यो बाहेक सम्मेलन सम्वन्धी सबै काम सुचारु रुपले चलाउन चाहिने निकासा दिन दिलाउन श्री ५ महाराजाधिराजका प्रमुख निजी सचीव श्री लोकदर्शनज्यूको अध्यक्षतामा एक कमिटी पनि गठन भएको छ।

माथि लेखिएको प्रवन्धको व्यवस्था भएता पनि यो सम्मेलनको विशालतालाई ध्यानमा राखी हेर्दा तमाम जनताको सहयोगको नितान्त आवश्यकता देखिन आएकोले सभाले सबै सज्जन बृन्दमा सहयोगको यो अपील गरेको छ।

यो सम्मेलन सम्वन्धी काम सुचारु रुपले चलाउनु धर्मोदय सभाले तलका कमिटीहरू गठन गरेन निर्णय गरेको छ र उत्साही साथीहरूले आफुलाई कमिटीमा वसी सहयोग दिनु भै यो सम्मेलनलाई सफल तुल्याइ दिनुहोला।

अ— सर्वसाधारण कामको सञ्चालन गर्ने धर्मोदय सभा
आ— स्वागत समिति
इ— प्रोग्राम कमिटी
ई— भोजन प्रबन्धक कमिटी
उ— डेरा प्रबन्धक कमिटी
ऊ - यातायात प्रबन्धक कमिटी
ए— स्वयंसेवक संगठन कमिटी
ऐ— प्रचार कमिटी

Downloaded from http://dhamma.digital

ओ— सम्पादक कमिटी

औ— अनुवादक कमिटी

अं— चन्दा कमिटी

सम्मेलनको लागि खर्चः –

यस कामको लागि धर्मोदय सभाले करिब मोरू: १,८६,०००।– र भारू: १,७७,२५०।– खर्च हुने अन्दाज गरेको छ।

कमिटिहरूले गनु पर्ने कामः—

अ— धर्मोदय सभाले सर्वसाधारण सबै कामको प्रबन्ध मिलाउने।

आ— स्वागत समितिले आउने अतिथि प्रतिनिधिहरूलाई राम्ररी स्वागत गर्ने र वहाँहरूलाई राम्रो प्रभाव पार्ने प्रयत्न गर्ने।

इ— प्रोग्राम कमिटिले हेडक्वार्टर समेतको सलाह ली सम्मेलनको प्रोग्राम तयार पार्ने।

ई— भोजन प्रबन्धक कमिटीले प्रतिनिधिहरूलाई राम्ररी भोजनको प्रबन्ध मिलाइदिने र भोजन सम्बन्धी व्यवस्था राम्ररी मिलाउने ।

उ— डेरा प्रबन्धक कमिटीले डेलिगेट, विशेष निमंत्रित तथा दर्शकहरूको लागि राम्ररी डेराको प्रबन्ध मिलाउने। यसको लागि सरकारबाट घरहरू लिनुपर्ने भए लिइ अथवा होटल इत्यादिमा मिलाउन पर्ने भए सोही बमोजिं काम राम्ररी मिलाइ राख्ने।

ऊ— यातायात प्रबन्धक कमिटीले गर्नु पर्ने :

१ यातायातको बारे मोटर, हवाईजहाज, बाइस्कल आदिको राम्रो प्रबन्ध मिलाउने र वाहनहरू राम्र साफ सुथराको प्रबन्ध गर्ने।

Downloaded from http://dhamma.digital

२ नियमित वेलामा नियमित स्थानमा पुऱ्याउने र नियमित बेलामा नियमित आफिसमा आइपुग्नु र अधिकारी आफिसबाट दिएको सूचना बमोजिं सहयोग दिनु।

३ यातायातको लागि हर्जा नहुने गरि पेट्रोल इत्यादि पूरो स्टाक राखि त्यस्को व्यय राम्ररी गर्नु अर्थात राम्ररी हिसाब किताब राखी खर्च गर्नु ।

४ आफिसका कर्मचारीहरूलाई स्तर बमोजिं जसलाई जस्लाई जे चिजको आवश्यक हुन्छ मोटर, वाइस्कल आदिको प्रबन्धइ मिला दिनु ।

५ नेपाल भरका सबै ड्राइभर र इंजिनियरहरूको सहयोग लिने र वहाँहरूसित मोटरको दैनिक भारा इत्यादि मिलाइ राख्ने ।

६ विशेष र स्वदेशबाट आउने जाने डेलिगेटहरूको लागि वहाँहरूको पूर्व सूचना बमाजिं प्लेनमा शीट इत्यादिको व्यबस्था मिलाइ दिने र अरु प्रबन्ध मिलाउनको लागि कलकत्ता, पटना, बीरगंज आदि स्थानमा प्रवन्धको व्यबस्था गर्ने ।

ए— स्वयंसेवक संगठन कमिटिले गनु पर्नेः—

१ स्कूल, सामाजिक संस्था, राजनैतिक संस्थाहरू र सर्वसाधारण व्यक्तिहरूका तरफबाट ग्रुप ग्रुप गरि सहयोग लिने र वहाँहरू द्वारा अनुवाद, गाइड र सर्वसाधारण मै परि आउने काम काजमा सहयोग लिने ।

२ सम्मेलनको बैच हुने कुनै सज्जनलाई कुनै प्रकारको काम काजको आवश्यक परे विना हिचकिचाह वहाँहरूलाई सहायता पुऱ्याउनु र स्वयंसेवाको महत्वलाई महशुस

Downloaded from http://dhamma.digital

गरि सकभर विदेशीहरूलाई खुशी तुल्याउने। आफ्नो बोली वचन तथा क्रिया द्वारा अतिथिहरूलाई राम्रो प्रभाव पार्ने।

३ स्वयंसेवक स्त्री पुरूष दुवै पक्षका जरूरत छन्।

४ जस्लाई जुन जुन कामको अधिकारीव्यक्तिहरूले भाला सुम्पिदिएको छ सो काम पूर्णतया ध्यान र दिल दिइ सम्पन्न गर्ने र अनुशासनमा पूरा पूरा कायम रही कर्तव्यपरायण हुनु।

ऐ— प्रचार कमिटिले गर्नु पर्नेः—

१ सम्मेलन सम्बन्धी प्रत्येक कुराको स्वदेश र विदेशमा राम्ररी प्रचार गर्ने।

२ छापिएको पुस्तक, पुस्तिका, पम्फलेट आदिको राम्रो प्रचार गर्नु। प्रचार गर्नको लागि सभा, पत्रिका रेडियो तथा अन्य यथायोग्य साधन जुत्याउनु र सहयोग माग्नु।

३ प्रचारको लागि अंग्रेजी, नेपाली, नेपाल भाषा र हिन्दी को प्रयोग गर्ने।

४ प्रचारकहरूमा कमसे कम नेपालको भौगोलिक, धार्मिक तथा राजनैतिकको ज्ञानका साथै विदेशको बारे पनि साधारण ज्ञान हुनु आवश्यक छ।

५ प्रचारकहरूले प्रचारको काममा विशेषतः जुन सम्मेलनको प्रचार गर्नु पर्ने हो सो काम र धर्मोदय सभाको प्रचारलाई ध्यानमा राख्नु आवश्यक छ।

ओ— सम्पादक कमिटिले गर्नु पर्नेः—

१ यस कमिटिमा मण्डलमा नेपालका विभिन्न दृष्टिकोणको विचार र ज्ञान हुने र खास गरी बौद्ध दृष्टिकोणलाई

Downloaded from http://dhamma.digital

राम्ररी जानने नेपालको इतिहास, संस्कृति तथा कला र विश्वमा बौद्धहरूको इतिहास र अरू सामाजिक जानकारी हुने विशेषज्ञहरूको आवश्यकता छ।

२ नेपाली, हिन्दी, अंग्रेजी, पालि, नेपाल भाषा र हिन्दी इत्यादिको जानकारी पनि हुनु पर्दछ।

३ नेपालको शिलापत्रादिको पनि जानकारीता प्राप्तभएको हुनु।

४ टुरिष्ट गाइडको रूपमा र नेपालको बौद्ध इतिहास सम्बन्धी तथा बौद्ध धर्म सम्बन्धी र अरू साधारण नेपालको इतिहास, राजनैतिक सामाजिक विषय आदिको राम्रो व्याख्या गर्ने।

५ पालि संस्कृति टेक्ष्ट र अरू अनुवाद इत्यादि ग्रन्थहरूको प्रचार र प्रकाशन गर्ने।

६ सम्मेलनको रिपोर्ट राम्ररी प्रकाशन गर्ने र धर्मोदय सभाको रिपोर्ट प्रकाशन गर्ने।

औ— अनुवादक कमिटिले गर्नु पर्नेः—

१ अनुवादकहरूलाई अंग्रेजी, हिन्दी, नेपाली, नेपाल भाषा, फ्रैंच, र जर्मनीमा समेत ज्ञान भए बेश हुन्छ। विशेष गरी अंग्रेजी राम्ररी बोल्न सक्नु पर्दछ र अनुवाद गर्ने अभ्यास हुनु पर्दछ।

२ विदेश भ्रमणको अनुभव पनि आवश्यक छ।

३ बौद्ध सभ्यता र बौद्ध संस्कृतिको र बौद्ध इतिहासको ज्ञान परमावश्यक छ।

४ विदेशी प्रतिनिधिहरूले बोलेको कुरा राम्ररी बुझि दिक्क नमानी वहाँहरूको भावनालाई राम्ररी सम्झने प्रयत्न गरी भरसक वहाँहरूलाई कुनै प्रकारले पनि अप्र-

Downloaded from http://dhamma.digital

सन्न न पारी वहाँहरूको भावनानुकूल कुराकानि परिवर्तन गरी दिने ।

अं— चन्दा कमिटिले गर्नु पर्ने कामः–

१ सम्मेलनको सारा काम तामिल हुने नै अर्थ वाट भएको हुनाले चन्दा कमिटीले धर्मोदय सभाको योजना मुताविक चाहिएको ३ लाख मध्ये नेपाल सरकार बाट प्राप्त भारु १,०००,००।– र मोरु ५०,०००।– चन्दा बाहेक अरू न पुग चन्दा उठाउने । उठाउनु पर्ने चन्दा करीव डेढ लाख जति हुन आउँछ ।

२ सम्मेलनको काम सबै राम्ररी गर्न सक्ने चन्दा कमिटी कै चन्दामा आधारित भएको हुनाले चन्दा कमिटीले सारा जनता र सरकार सित यथाशक्य चन्दा चाँडै एकत्रित गरि दिने ।

दुइ कुराः–

स्वर्गीय श्री ५ त्रिभुवन महाराजाधिराज र मौसुफका क्याविनेट मण्डलका नायक भू० पू० प्रधानमन्त्री श्री मातृका प्रसाद कोइराला लगायत त्यस वखतका सरकारले धर्मोदय सभाको तत्वावधानमा नेपालमा चतुर्थ विश्व बौद्ध सम्मेलन गर्ने बारे जुन प्रयत्न गरी दिनु भो र हाल श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रमशाहदेव र मौसुफका क्याबिनेट मण्डलका नायक माननीय प्र० मं० श्री टंकप्रसाद आचार्य र वहाँका मन्त्री मण्डलका सहायता प्रति समेत हामी हार्दिक कृतज्ञ छौं र नेपालका सारा जनताहरू सित पनि हामी सहयोग र सहायताको आशा राखी वहाँहरूको प्रति पनि हामी वहाँहरूको सहयोग र

Downloaded from http://dhamma.digital

प्रोत्साहन तथा सहायताको निम्ति कृतज्ञ छौं । हामीलाई पू विश्वास छ सरकार र सारा जनताले यस महान काममा पूर्णतया सहयोग दिनेछन ।

**कमिटिहरू यस प्रकार छन्ः-**

(अ) सर्वसाधारण कामको सञ्चालन गर्ने धर्मोदय सभा
(आ) स्वागत समिति
(इ) प्रोग्राम कमिटि
(ई) भोजन प्रवन्धक कमिटि
(उ) डेरा प्रवन्धक कमिटि
(ऊ) यातायात प्रवन्धक कमिटि
(ए) स्वयं सेवक संगठन कमिटि
(ऐ) अनुवादक कमिटि
(ओ) प्रचार कमिटि
(औ) सम्पादक कमिटि
(अं) चन्दा कमिटि
(अ) सांस्कृतिक कमिटि

माथि लेखिएको कमिटिहरूको अतिरिक्त सम्मेलन समयमा धेरै सुशिक्षित नवयुवकहरू जो भाषान्तर गर्नमा समर्थ छन, जसलाई नेपालको संस्कृति याद छ र जसलाई नेपालको विभिन्न दर्शनीय स्थानको विषयमा विशेष जानकारी छ, पनि सभालाई अत्यन्तै जरुरी छ । फेरी यो चतुर्थ बिश्व बौद्ध सम्मेलनको अवसरमा हज्जारौं विदेशीहरू आउने भएकोले नेपालको संस्कृति जुन अहिले सम्म विश्वमा एउटा रहस्य छ, को प्रदर्शण गर्ने विशेष सुअवसर भएको हुनाले एउटा सांस्कृतिक प्रदर्शण

Downloaded from http://dhamma.digital

कमिटीको पनि नितान्त आवश्यक छ। धर्मोदय सभा यसकारण तपाईहरूलाई यही अनुरोध गर्दछ कि यो चतुर्थ विश्व बौद्ध सम्मेलन नेपालको हरएक दृष्टिकोण बाट हेर्दा पनि के राजनीतिज्ञ के साहु, के महाजन, के जागिरदार, के मजदूर, के किसान सबैले आफ्नो आफ्नो क्षेत्र र गच्छे अनुसार सहयोग गर्नु नितान्त आवश्यक छ। यही धर्मोदय सभाको हार्दिक अनुरोध छ।

अर्को कुरा, विदेशी अतिथीहरू र दर्शकहरू नेपालमा आउनु हुँदा हामीले वहाँलाई योग्य स्थानमा राख्न सर्कारी भवनहरूको कमी भएको हुनाले हामी आफैले पनि आफ्ना आफ्ना घरमा २।४ जना, २।४ जनालाई प्रवन्ध गरी वहाँहरूलाई हरतरहबाट सुविधा दिनु हाम्रो प्रधान कर्तव्य हो। वहाँहरूको पनि हाम्रो जन जीवन संग निकट सम्पर्कमा आउने ठूलो इच्छा होला र नेपाली जीवनको एक झलक वहाँहरूलाई दिन सक्नेछौं।

सम्मेलनको सब प्रथम दिनको आमसभा सिद्धिए पछि सम्मेलनको दोश्रो दिनको सभा हुनेछ। यस्को निम्ति ५०।६० जत्ति मानिसहरू अटाउने ६ वटा कोठा सहितको करीव ५०० जति मानिस अटाउने हल सहितको एक घरको पनि आवश्यकता छ। कुनै महानुभाव संग यस्तो घर छ भने कृपया धर्मोदय सभालाई सूचना दिनु होला।

हामीलाई सब भन्दा ठूलो समस्या यातायातको प्रवन्ध मिलाउनु हो। अतएव कुनै कार, जीप, ट्रक र मोटर हुने सज्जन-हरूले हामीलाई मोटर जीप इत्यादि दी सहायता गर्नु भए अत्यन्तै आभारी रहने छौं। यदि कुनै व्यक्ति वा संस्थाले माथि लेखिएको कार इत्यादि भाडामा दिन चाहनु हुन्छ भने धर्मोदय

Downloaded from http://dhamma.digital

सभा संग सम्प्रर्क राख्नु भए बढिया होला।

धर्मोदय सभा तपाईंहरूलाई निवेदन गर्दछ कि आज कल जुनसुकै कुराको सफलता र असफलता अर्थको राम्रा व्यवस्थामै निर्भर हुने भएकोले यो विशाल सम्मेलन सफल गर्न अर्थ संकलन तिर विशेष सहयोगको आवश्यकता छ। सभाले यो सम्मेलनमा हुने अंदाजी खर्च मो. रु. १,८६,०००।– र भा. रु. १,७७,२५०।– पेस गरेकोमा सर्कारी निकासा पुकासाको सिफारिसको लागि गठन भएको सर्कारी कमिटीले धर्मोदय सभाको योजनामा परिक्षण गरी अनेक छलफल र काँट छाँट गरी अन्दाजी मोरु २,५२,०००।– र भा. रु. १,१८,७५०।– को खर्च हुने ठहर गरी सो वजेट वमोजिम धर्मोदय सभालाई सहायता दिने सिफारिस गर्दा नेपाल सर्कारले भा. रु. १,००,०००।– मोरु ५०,०००।– मात्र सभालाई चन्दा सहायता दिएको कुरो पनि माथि उल्लेख गरी सकेकै छ। यस कारण यो सम्मेलनको सफलता र असफलतामा अन्तरराष्ट्रीय क्षेत्रमा नेपालको इज्जत र प्रतिष्ठा निर्भर छ।

यस कारण यस पुनीत अवसरमा तपाईं सबै महानुभावहरूले धर्मोदय सभाको सदस्य हुनु भै यस महान अन्तरराष्ट्रीय सम्मेलनमा योगदान दिनु होला। धर्मोदय सभाको आजीवन सदस्य भै, वा साधारण सदस्य भै यस सभालाई हर तरह बाट सहयोग गर्नु हुनेछ भन्ने सभालाई ठूलो विश्वास छ।

विशेष गरीकन यो चतुर्थ विश्व बौद्ध सम्मेलनमा भाग लिन आउनु हुने सम्मानित अतिथिहरूको सत्कारार्थ एउटा स्वागत समिति पनि गठन भएको छ। धर्मोदय सभाको सबै सदस्य यस स्वागत समितिको सदस्य हुन्छ र विशेष सदस्यहरूको

Downloaded from http://dhamma.digital

निम्ति हामीले निम्न प्रकारको प्रवन्ध पनि मिलाएका छौं। सम्मानानीय सदस्यताको निम्ति मोरू ५००।- माननीय सदस्यताको निम्ति मोरू २५०।- आदरणीय सदस्यताको निम्ति मोरू १००।- र साधारण सदस्यताको निम्ति मोरू ५।- चन्दा राखिएको छ। विशेष सदस्यहरूको निम्ति सम्मेलनको हरएक कार्यक्रममा विशेष सुविधाको प्रवन्ध हुनेछ।

## World Fellowship of Buddhists.

को

## कार्यकारिणी समितिका सदस्यहरु

अध्यक्षः-

| | |
|---|---|
| डा. मलाला शेकर | लंका |

मन्त्रीः-

| | |
|---|---|
| मि. एच. ए. फिन्ले | अष्ट्रेलिया |
| डा. आर. एल. सोनी | बर्मा |
| मि. एच. डब्ल्यू अमरसूर्य | लंका |
| श्री माननीय ज्योतन्नान संघराज पेम्पेम | कम्बोडिया |
| श्री माननीय न्यानपोनिक थेरा | लंका |
| मि. नार्द वर्ग | फिनलैण्ड |
| मि. टि. मानेकी | हवाई |
| मि. अरविन्द वरूआ | भारत |
| माननीय एण्टाई टोमाटा | जापान |
| माननीय भि. अमृतानन्द स्थविर | नेपाल |

Downloaded from http://dhamma.digital

| | |
|---|---|
| श्री एस. एस. वरूआ | पाकिस्तान |
| श्री कु. पिरचिन | सिंगापूर |
| डा. लुवाङ्ग सुरिया वाङ्गस एम. डी. | थाइलैण्ड |
| श्री माननीय रावर्ट क्लिप्टन | संयुक्त राज्य अमेरिका |
| श्री माननीय थिच, तिन, किट् | भिएमनाम |

अन्तमा धर्मोदय सभाले सबै महानुभावहरूमा फेरी एक चोति हार्दिक अनुरोध गर्दछ कि यो नेपालकै साझा समस्या हो र यसैलाई हरतरहबाट सफल तुल्याउनु हामी नेपाली मात्रको परम कर्तव्य हो।

## धर्मोदय सभाको कार्य कारिणी समितिका सदस्यहरु

संरक्षकः–

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव

धर्मानुशासक— उ. चन्द्रमणि महास्थविर

" — भदन्त आनन्द कौसल्यायन

" — श्री धर्मादित्य धर्माचाय

सभापति— भिक्षु अमृतानन्द स्थविर

उप-सभापति— श्री चित्तधर उपासक तथा भिक्षु अनिरुद्ध

महामन्त्री— श्री आशाराम शाक्य

सहायक मन्त्री— श्री पूर्णकाजी ताम्राकार

कोषाध्यक्ष— श्री साहु मणिहर्षज्योति

सदस्यः– श्री दयावीरसिं, श्री मूर्तिमान शाक्य, श्री सत्यमोहन जोशी, श्री पुष्परत्न सागर, श्री सम्यकरत्न बज्राचार्य भिक्षु महानाम, श्री प्रो. सूर्यबहादुर शाक्य, श्री धस्वां सायमि,

Downloaded from http://dhamma.digital

श्री कृष्णबहादुर मानन्धर

## सर्कारी समिति

अध्यक्ष— श्री ५ महाराजाधिराजको प्रि. प्रा. से. लोकदर्शन
सदस्यः— श्री बृजकान्त ठाकुर, अ. से. अर्थ मंत्रालय
श्री हरिहरमान का. मु. डेपुटी सेक्रेटरी राज्य व्यवस्था
श्री दमनराज तुलाधर अ. से. परराष्ट्र मन्त्रालय
श्री सी. बी. सिंह अ. से. प. व. सं. मं.
भिक्षु अमृतानन्द स्थविर— अध्यक्ष धर्मोदय सभा।
श्री आशाराम शाक्य— महामन्त्री, धर्मोदय सभा,

गैरसरकारी —
श्री चित्तधर उपासक
श्री काशिप्रसाद श्री वास्तब

## स्वागत समितिः-

अध्यक्षः-

माननीय प्रधान मन्त्री— श्री टंकप्रसाद आचार्य

उपाध्यक्षः—

परराष्ट्र मन्त्री— श्री चूडाप्रसाद शर्मा
यातायात मन्त्री— श्री पशुपतिनाथघोष
शिक्षा मन्त्री - श्री बालचन्द्र शर्मा
भू. पू. प्रधान मन्त्री— श्री मातृकाप्रसाद कोइराला
श्री ५ महाराजाधिराजका प्र. नीजि सचिव— श्री लोकदर्शन
श्री भाजुरत्न कंसकार
भिक्षु अमृतानन्द स्थविर
सेक्रेटरी श्री आशाराम शाक्य

Downloaded from http://dhamma.digital

आगामी कार्तिक ३० गते देखि काठमाडौं मा
के हुंदैछ ?

# चतुर्थ विश्व बौद्ध सम्मेलन

यसको सफलता ?
तपाईहरु सबैको सहयोगमा निर्भर छ
आउनुस , सहयोग दिनुस
धर्मोदय सभा

Dhamma.Digital

नेपाल प्रेस
१२२, प्रसन त्यौड, काठमाडौं

Downloaded from http://dhamma.digital